स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री दीपिका प्रसाईं आमा बन्न लागेको हल्ला 'मायावी' छायांकन बेला चलेको थियो । त्यतिबेला निर्देशक तथा दीपिकाका श्रीमान दिवाकर भट्टराईले यो हल्लालाई खण्डन गरिरहेका थिए । यतिबेला भने निर्देशक भट्टराई स्वयंले आफू बुबा बन्न लागेको खबर बाहिर ल्याएका छन् । अंग्रेजी नयाँ वर्षको शुभकामना दिँदै दिवाकरले सन्तान प्राप्त गर्न लागेको उल्लेख गरेका छन् । साथै, दीपिकाले पनि आफूहरु अभिभावक बन्न लागेको र सन्तान आउँदै गरेको उल्लेख गरेकी छन् । दीपिकाको प्रेगनेन्सी फोटो पनि सार्वजनिक गरिएको छ ।

**आजको विचार...**



श्रमिक..
(दुई पेजमा)

सञ्जीव पोखरेल



निर्माता सन्तोष सेन आफ्नो नयाँ फिल्म 'बलिदान'मा कलाकारको 'लाइनअप' बलियो बनाउने कसरतमा छन् । अभिनेताद्वय सौगात मल्ल र अर्पण थापा मुख्य भूमिकामा निश्चित भैसकेको फिल्ममा अब 'एक्सन स्टार' विराज भट्टको पनि प्रवेश हुने सम्भावना बढेको छ । टिजर रिलिजपछि फिल्ममा उनको सर्वाधिक माग भएको थियो । अब निर्माण टिमले उनीसँग छलफल अगाडि बढाएको छ । सेनले विराजसँग काठमाडौंको एक रेस्टुरेन्टमा भेट गरेका छन् । स्रोत भने विराज फिल्मलाई लिएर सकारात्मक रहेको दाबी गर्छ ।

❐ वर्ष २९ ❐ अंक १५५ ❐ २०८० पुस १७ गते मंगलबार 2 January 2024, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### जापानमा सुनामीको जोखिम

**(रासस/एएफपी)**

**मस्को,** पुस १६/जापानमा गएको ठूलो भूकम्पपछि सम्भावित सुनामीको खतरालाई लिएर रुसको सखालिन टापु र प्रशान्त सहर भ्लाडिभोस्टक सोमबार 'सतर्क' अवस्थामा थिए । जापानमा सात दशमलव पाँच म्याग्निच्युडको शक्तिशाली भूकम्प गएपछि सुनामीको चेतावनी दिँदै जापानी अधिकारीहरूले मानिसहरूलाई उच्च स्थानमा जान आग्रह गरेका छन् । सखालिन जापानको उत्तरमा रहेको एउटा लामो टापू हो र भ्लाडिभोस्टक रुसको प्रमुख प्रशान्त सहर हो । सखालिनका अधिकारीहरूले टापुको पश्चिमी तट सुनामीको लहरहरूबाट प्रभावित हुनसक्ने बताएका छन् । यद्यपि उनीहरूले सुनामीले टापुको जनजीवनलाई कुनै ठूलो खतरा नपार्ने र टापु खाली गर्न कुनै आदेश नदिइएको बताएका छन् । आपत्कालीन सेवाहरूले मानिसहरूलाई 'शान्त रहन' आह्वान गरेका छन् । 'सखालिनको पश्चिमी तटको तटीय भाग सुनामीको लहरहरूबाट प्रभावित हुनसक्छ', आपत्कालीन सेवाहरूले भनेका छन्, 'अहिले मानिसहरूलाई निकालिएको छैन किनकी सुनामी लहरको अपेक्षित उचाइ ५० सेन्टिमिटरभन्दा धेरै छैन ।' स्थानीय समयानुसार राति ८:४४ मा सुनामीका लहरहरू टापुको दक्षिणी छेउ नेभेल्स्की जिल्लासम्म पुग्ने अपेक्षा गरिएको थियो । लहरहरूको अपेक्षित उचाइले बासिन्दाहरूका लागि जीवन खतरामा नपार्ने अधिकारीहरूले बताएका छन् । भ्लाडिभोस्टक सहरले पनि सुनामीको चेतावनी जारी गरेको छ । 'मछुवा र समुद्रमा जाने योजना बनाइरहेकाहरू तत्काल किनारामा फर्किनु पर्छ', सहरका अधिकारीहरूले सामाजिक सञ्जालमा भनेका छन्, 'त्यहाँ सुनामीको लहर शून्य दशमलव तीन मिटरसम्म बढ्ने अपेक्षा गरिएको छ ।'

## पाल्पालीले माल पाए, चाल पाएनन्

# ढाकाको राजधानीमै टोपी दिवसको बेवास्ता

**कृष्ण पोखरेल**

**पाल्पा,** पुस १६/पाल्पालाई ढाका कपडाको राजधानी घोषणा गरिए पनि सरोकारवाल निकायले भने यसको बेवास्ता गरेका छन् । देशभर अन्तर्राष्ट्रिय टोपी दिवस मनाइरहँदा ढाकाको राजधानी पाल्पामै त्यसको बेवास्ता गरिएको हो ।

पाल्पालाई २०७८ साल फागुन ११ गते तानसेन नगरपालिका र संघीय सरकारले तामझामका साथ ढाका कपडाको राजधानी घोषणा गरेको थियो तर टोपी दिवसका दिन पाल्पा ढाका संघ, पाल्पाली ढाका कपडा उद्योग, ढाका कपडा व्यापारीहरुले टोपी दिवसको कुनै औचित्य देखेनन् । मेरो शान, मेरो पहिचान राष्ट्रिय पोशाक संरक्षण अभियान भन्ने अभिप्रायका साथ विगतमा तानसेनमै दिवस मनाउने गरिए पनि ढाका राजधानी घोषणा भए यता कार्यक्रम नै हुन छाडेका छन् । यहाँ आउने पर्यटकहरु समेत पाल्पामा टोपी दिवस नमनाउँदा अचम्मित छन् । पाल्पा घुम्न आएकी चितवनकी मैना पाण्डेले अन्तर्राष्ट्रिय टोपी दिवसमा तानसेनमा विशेष कार्यक्रम गरिनु पर्ने हो त्यसो कहि कतै देखिएन, पसलहरुमा टोपी किन्दा छुट अफर होला भन्ने लागेको थियो तर ढाकाको राजधानीमा नै टोपी दिवसको महत्व नदेखिएको बताइन् ।






तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले टोपी दिवसको अवसरमा कोहि संघ संस्था उद्योगी व्यवसायीले केहि कुरा कानी पनि गरेनन्, कहि कतैबाट दिवस मनाउन प्रस्ताव पनि नआएको बताए । पाल्पाली ढाका कपडा उद्योगीहरुको एकिकृत संस्था पाल्पा ढाका संघले पनि टोपी दिवसलाई कुनै महत्व दिएन । पाल्पाको पहिचान ईतिहास र ढाका कपडासँगै शिरमा लगाउने टोपीलाई ब्राण्डिङ गर्नको लागि तत्कालिन नगर सरकारले ढाका कपडाको राजधानी घोषणा गरे पनि अहिले सरोकार वाला निकायको बेवास्ता देख्दा साच्चै लापरवाही र लाजमर्दो काम भएको तानसेन नगरपालिकाका निवर्तमान नगर प्रमुख अशोककुमार शाहीले बताए । सरोकारवाल निकायले माल पाएर पनि चाल पाएनन, कुरा पर्यटनका गर्ने तर जुन ठाउँमा टोपी उत्पादनको खानी छ त्यही ठाउँमा टोपी दिवसलाई ध्यान नदिनु निकै दु:खद पक्ष भएको निवर्तमान नगर प्रमुख शाहीको भनाई छ । मुलुकमा पश्चिमा संस्कृतिको प्रभाव बढ्दै गएको भन्दै केही युवाको अगुवाईमा २०७० सालदेखि हरेक वर्षको जनवरी १ लाई टोपी दिवस र पौष १७ गतेलाई राष्ट्रिय पोशाक दिवसको रुपमा मनाउन सुरु गरेका थिए । नेपालमा मात्रै नभइ विदेशमा समेत रहेका धेरै नेपालीले परम्परागत ढाका र भादगाउँले टोपी लगाएर सामाजिक सञ्जालमा भने तस्वीर पोस्ट गर्ने गरेका छन् ।

पाल्पाबाट वार्षिक लाखौं रुपैयाँको ढाका टोपी विक्री हुँदै आएको छ । एउटा पाल्पाली ढाका टोपीको मूल्य २ सय देखि ३ हजारसम्म पर्ने गरेको छ । तानसेनमा मात्र १३ वटा ढाका उद्योग रहेका छन् दर्जनौ ढाका व्यापारीहरुबाट ढाकाको कारोवार हुँदै आएको छ । एउटा ढाका व्यापारीले मासिक ५० हजारदेखि एक लाखसम्म ढाका कपडाबाट आम्दानी गर्दै आएका छन् । तानसेन स्व.गणेशमान महर्जनले वि.सं २०१६ सालमा स्वदेशी बस्त्रालयको नाममा ढाका कपडा उद्योग सञ्चालन गरेका थिए । महर्जनले ढाका कपडा उत्पादनको लागि तालिम दिने, उद्योग स्थापना गर्नेदेखि देशव्यापी रुपमा ढाका कपडाको प्रचार-प्रसार गर्ने अभियान सञ्चालन गरेका थिए । पाल्पाली ढाका कपडाहरु टोपी, चोलो, पछ्यौरा, साडी सल जस्ता उत्पादनहरु अझै पनि लोकप्रिय उत्पादनको रुपमा रहेका छन् । पाल्पामा वार्षिक रुपमा करोडौ रुपैयाँको ढाका कपडाको कारोबार हुँदै आएको छ ।

## सरकारी वेबसाइटमा समस्या



**पाल्पा,** पुस १६/सोमबार देशैभरका अधिकांश सरकारी वेबसाइटका सर्भरहरुमा समस्या देखिएको छ । राष्ट्रिय सूचना प्रविधि केन्द्रका अनुसार सोमबार दिनभर नै अधिकांश सरकारी वेबसाइटहरु सञ्चालनमा आउन सकेनन् ।

सरकारी वेबसाइटको डीएनस सर्भरमा समस्या आएकोले साइटहरु बन्द भएको बताइएको छ । स्थानीय, प्रदेश र संघीय तह लगायतका सरकारी निकायका साइटहरू डाउन भएका हुन् । राष्ट्रिय सूचना प्रविधि केन्द्रमा रहेको सर्भरमा साइबर आक्रमणका कारण सरकारी साइटहरू डाउन भएको हुन सक्ने बताइएको छ । दिनभर नै सरकारी साइटहरू केहीबेर खुल्ने र बन्द हुने भइरहेको थियो । ह्याक भएको हो वा प्राविधिक कारण भएको हो त्यसबारे अध्ययन भइरहेको छ । प्रधानमन्त्री कार्यालयदेखि संघीय सरकारका मन्त्रालय तथा कार्यालयहरु, प्रदेश सरकारको कार्यालयहरु र स्थानीय सरकारका साइटहरु बन्द भएका छन् । केही स्थानीय तह र कार्यालयको वेबसाइट भने केहीबेर खुल्दै बन्द हुँदै गरेका थिए ।

## स्वास्थ्य बीमा गरेकाले उपचार गरेबापत १० प्रतिशत रकम तिर्नुपर्ने

**काठमाडौं,** पुस १६/स्वास्थ्य बीमा बोर्डले अब उपचारमा लाग्ने १० प्रतिशत रकम (सहभुक्तानी) बीमित बिरामीलाई तिराउने भएको छ । बोर्डले स्वास्थ्य बीमा कार्यक्रममा सहभुक्तानी प्रणाली लागू गर्ने कार्यविधि, २०८० ल्याएर स्वास्थ्य सेवा उपभोग गर्दा तोकिएको सेवाका लागि लाग्ने खर्चको १० प्रतिशत रकम सेवा उपभोग गर्ने व्यक्तिले तिर्नुपर्ने बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले जानकारी दिइन् ।




यसअघि बोर्डमा आबद्ध भएकाले कुनै रकम तिर्नु पर्दैनथ्यो । बीमितलाई एक लाख बराबरको उपचार खर्च बीमा बोर्डले व्यहोर्ने गर्दछ । उनले अनावश्यक स्वास्थ्य परीक्षणलाई कम गराउन सहभुक्तानी प्रणाली लागू गरिएको बताइन् । 'बीमितले अनावश्यक रुपमा स्वास्थ्य परीक्षण गराउन थाले', उनले भनिन्, 'त्यसलाई कम गरेर आवश्यक मात्र स्वास्थ्य परीक्षण गराउन भनेर बिरामीलाई १० प्रतिशत तिराउने निर्णय गरेका हौं ।' उनका अनुसार सहभुक्तानी प्रणाली आगामी माघ १ गतेदेखि लागू हुनेछ । प्राथमिक स्वास्थ्य केन्द्र र २५ शैयासम्मका अस्पतालमा गरिएको स्वास्थ्य उपचारमा भने बीमितले १० प्रतिशत रकम तिर्न नपर्ने उनको भनाइ छ । सहभुक्तानी प्रणाली संघीय अस्पताल, २५ शैयाभन्दा माथिका प्रदेश र प्रादेशिक अस्पताल तथा सबै निजी एवं सामुदायिक अस्पतालमा लागू हुनेछ । गरीब, ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, अशक्त, एचआइभी संक्रमित, जटिल क्षयरोगी, कुष्ठरोगी र महिला स्वास्थ्य स्वयंसेविकालाई भने सहभुक्तानी प्रणाली (१० प्रतिशत रकम तिर्नु नपर्ने) लागू नगरिने कार्यविधिमा उल्लेख गरिएको छ । बोर्डमा हालसम्म ७४ लाख बीमित भइसके पनि करिब ४७ लाख मात्र सक्रिय रहेका छन् । विसं २०७२ चैत २५ गते गुणस्तरीय स्वास्थ्य सेवालाई जनस्तरसम्म पुऱ्याउनका लागि स्वास्थ्य बीमा बोर्ड स्थापना गरिएको थियो । अहिले ७७ जिल्लामा लागू गरिएको स्वास्थ्य बीमा बोर्डले रु एक लाखसम्म बीमित परिवारले नि:शुल्क उपचार सेवा पाउने छन् । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मेलमिलाप दिवसको औचित्य

पुस १६ गते अर्थात् नेपाली काँग्रेसको इतिहासमा नयाँ आयाम थपिएको दिन । काँग्रेस र यसका भातृसंस्था तथा शुभेच्छुक संस्थाले यस दिनलाई राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका रूपमा मनाउने गर्दछन् । यस वर्ष पनि सोमबार यो दिवस मनाइएको छ । राष्ट्रिय एकता तथा मेलमिलाप दिवसलाई नेपाली राजनीतिक कोर्स बदल्ने ऐतिहासिक दिनका रुपमा लिने गरिन्छ । वि.सं. २०३३ पुस १६ गते नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइराला राष्ट्रिय मेलमिलाप नीति लिएर भारतबाट स्वदेश फर्किएका थिए । सोही दिनलाई राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका रुपमा मनाउने गरिएको हो । देशभर कार्यक्रमहरु भएपनि दिवस औपचारिकतामै सिमित बन्न पुगेको छ । बीपीको मेलमिलाप नीति अहिले पनि उत्तिकै सान्दर्भिक रहे पनि अहिलेका नेताहरुले यसको अनुसरण भने गर्न सकिरहेका छैनन् । विशेषतः काँग्रेसले बीपीको नीतिलाई आत्मसाथ गर्नुपर्ने भएपनि त्यसो गर्न नसकेको काँग्रेस भित्रै गुनासो छ । काँग्रेसले मात्र हैन अन्य दलका नेताहरुले पनि बीपीको मेलमिलाप नीतिको अनुसरण गर्नुपथ्यो तर त्यसो गर्न सकेका छैनन् ।

बीपीको राष्ट्रवादलाई आधार बनाएर प्रजातन्त्र प्राप्त गर्ने र प्रजातन्त्रलाई आधार बनाएर राष्ट्रियतालाई अझ बलियो बनाउने नीति नै मेलमिलापको नीतिको सार थियो । तर नेताहरु यी कुराहरुबाट चुकेका छन् । राष्ट्रियता, काँग्रेसको स्थापनाकालीन प्रमुख राजनीतिक अडान र सिद्धान्त भएपनि व्यवहारमा त्यो कार्यान्वयन हुन नसक्नु दुखद् हो । राष्ट्रिय मेलमिलापको नीति काँग्रेसको एजेण्डा भएकाले पुरानो र ठूलो पार्टीको कारण राष्ट्रिय मेलमिलापको नीतिलाई नेपाली काग्रेसले एक पटक गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ । साँच्चै बीपीको मेलमिलापको नीतिलाई साकार पार्ने हो भने हिजोको जस्तो मेलमिलापको सन्दर्भ त आज नहोला तर पनि आन्तरिक लोकतन्त्रमा मेलमिलापको सन्दर्भ टड्कारो देखिन्छ । काँग्रेसले आन्तरिक लोकतन्त्र मजबुत पार्नु पार्छ । लोकतान्त्रिक पार्टी हचुवामा चल्नु हास्यास्पद मानिछ । यसर्थ काँग्रेसले भाइचारा सुदृढ, भातृ र शुभेच्छुक संस्था गतिशील बनाउन सके पनि राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाउनुको औचित्य रहन्छ ।

### Opinion @ Social Network

परिस्थिती जस्तो सुकै होस् खुशी रहने प्रतिबद्धता गर्नु पर्दछ,
किनकी सुख र दु:ख हाम्रै सोचाइमा निर्भर गर्दछ ।
*(तुल्सा बस्यालको फेसबुक स्टाटस https://www.facebook.com/tulsa.bashyal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# श्रमिक बेच्ने देश र अस्तित्वको संकट



सञ्जीव पोखरेल

***नेपालमा यो कति कमजोर छ भनेर बुझ्न राज्यले चलाएको सीटीईभीटीको दुरवस्थालाई हेरे मात्र पनि पुग्छ । उपयुक्त शिक्षा र दक्षताको अभावमा उद्यमशीलताको आशा गर्न सकिन्न । यस्तो अवस्थामा मानिसले रोज्ने उपाय दक्षता नचाहिने वा कम भए पनि पुग्ने खालका रोजगारीका अवसर नै हुन् । दशकौंदेखि चरम दलीयकरण, नातावाद, कृपावाद, सिफारिस संस्कृतिले तहसनहस पारेको शिक्षा क्षेत्रलाई आजको दुरवस्थाका लागि 'धन्यवाद' दिनैपर्ने हुन्छ । शिक्षा क्षेत्र सुधारका नाममा राज्यको स्रोत र रकम ऋणबापत लिइएको रकमबाट अहिलेसम्म जेजस्ता कार्यक्रम सञ्चालित भए ती सबै असफल भएको स्वीकार गर्न र यस क्षेत्रलाई नयाँ ढङ्गले पुनर्संरचना गर्नमा ढिलो गर्न हुन्न ।***

धनी देशहरूका लागि सस्ता र अल्पकालीन श्रमिक खरिद गर्ने बजारका रूपमा नेपालको परिचय झन्-झन् गाढा हुँदैछ । श्रमिक आपूर्ति र विप्रेषणमा आधारित अर्थतन्त्रको चक्रमा फसेको नेपाल आज झन् शिथिल र दयनीय अवस्थामा छ । यस समस्यालाई अर्थशास्त्रीय, समाजशास्त्रीय वा मनोवैज्ञानिक दृष्टिकोणले केलाउन र यसको समाधानको उपाय खोज्नमा प्रशस्त अध्ययनको आवश्यकता छ । श्रमिक आपूर्ति गर्ने नेपालको 'गौरवशाली' इतिहास दुई शताब्दीभन्दा लामो हो । यो अवस्थाले आज भयावह रूप धारण गर्नमा भने केही 'फ्याक्टर'ले काम गरेका छन् । पहिलो फ्याक्टर हो- नेपालले सुधार्न नसकेको शिक्षा क्षेत्र जसले यस देशको मानव क्षमतालाई तहसनहस बनाएको छ । नेपालका विद्यालय र विश्वविद्यालयको पठन-पाठन र गुणस्तर यति दयनीय छ कि यहाँबाट दीक्षितहरूमा अपवादबाहेक अहिलेको विश्व परिवेशलाई बुझ्ने र त्यसका चुनौती सामना गर्ने क्षमता छैन । सरकारी शिक्षण संस्थाबाट प्रदान गरिने शिक्षाको अवस्था त खराब छँदैछ, नेपालका निजी विद्यालय र विश्वविद्यालय पनि गुणस्तरको मामिलामा समग्रमा दयनीय अवस्थामै छन् ।

नेपालको शिक्षा क्षेत्र कतिसम्म समस्याग्रस्त छ भनेर बुझ्न कक्षा १० अघि र पछि हुने स्कुल ड्रपआउटको प्रतिशत गणना गर्न सकिन्छ । उच्चमाध्यमिक र विश्वविद्यालय तह पूरा गर्ने विद्यार्थीले हासिल गर्ने शिक्षाको गुणस्तर निरन्तर वृद्धि हुनुपर्नेमा निरन्तर खस्केको छ । यसको प्रतिविम्ब नेपालको सार्वजनिक वृत्तमा हुने बहस, वादविवादमा आजभोलि प्रष्ट देख्न सकिन्छ । व्यावसायिक शिक्षा पनि उस्तै दयनीय अवस्थामा छ । नेपालमा यो कति कमजोर छ भनेर बुझ्न राज्यले चलाएको सीटीईभीटीको दुरवस्थालाई हेरे मात्र पनि पुग्छ । उपयुक्त शिक्षा र दक्षताको अभावमा उद्यमशीलताको आशा गर्न सकिन्न । यस्तो अवस्थामा मानिसले रोज्ने उपाय दक्षता नचाहिने वा कम भए पनि पुग्ने खालका रोजगारीका अवसर नै हुन् । दशकौंदेखि चरम दलीयकरण, नातावाद, कृपावाद, सिफारिस संस्कृतिले तहसनहस पारेको शिक्षा क्षेत्रलाई आजको दुरवस्थाका लागि 'धन्यवाद' दिनैपर्ने हुन्छ । शिक्षा क्षेत्र सुधारका नाममा राज्यको स्रोत र रकम ऋणबापत लिइएको रकमबाट अहिलेसम्म जेजस्ता कार्यक्रम सञ्चालित भए ती सबै असफल भएको स्वीकार गर्न र यस क्षेत्रलाई नयाँ ढङ्गले पुनर्संरचना गर्नमा ढिलो गर्न हुन्न । नेपाल अदक्ष श्रमिक आपूर्ति केन्द्रमा परिणत हुने दोस्रो फ्याक्टर हो, यहाँको अर्थ-राजनीति । यस देशको अर्थतन्त्र निश्चित जात, वर्ग, घराना र तिनीहरूका अपारदर्शी र अनैतिक स्वार्थको वरिपरि घुमेको छ । आयात-निर्यातका ठूला धन्दा गर्ने, बैंक चलाउने, शेयर बजार आफ्नो स्वार्थ अनुसार म्यानुपुलेट गर्ने, करका दर तोक्न चलखेल गर्ने एउटा सीमित नेक्सस नेपालको अर्थतन्त्रमा हावी छ जसले दलका नेतासँगको मिलेमतोमा आर्थिक सुधारका सम्भावनालाई पर धकेल्न सकेसम्म प्रयास गरिरहन्छ । नेपाली समाजमा जेजस्तो जातीय उँचनीच र असमावेशिताले घर बनाएको छ, त्यसको प्रभाव भनौं वा प्रतिविम्ब अर्थतन्त्रमा पनि उत्तिकै गाढा छ । सीमित व्यक्ति र समूहको कब्जामा रहेको नेपालको अर्थतन्त्र सकेसम्म अरूलाई ठग्ने र लाभका अवसरबाट अरूलाई बाहिर राख्ने मानसिकताको जगमा उभिएको छ । ठूला व्यापारी र व्यवसायीले संरक्षण गरेको यो मानसिकताको प्रभाव प्रायः सबै क्षेत्र र तहमा छ । राज्यको नीतिगत कमजोरीका कारण सेवा र वस्तु उत्पादन गर्ने व्यापार व्यवसायमा लगानी कम छ । व्यापार व्यवसायको ठूलो हिस्सा अरू देशका सामान ल्याएर बेच्ने र त्यस्ता सामानको तस्करी गर्ने प्रकृतिका गतिविधिले ओगटेका छन् । यस्ता व्यवसायले रोजगारी सिर्जना गर्दैनन् भन्ने सबैलाई थाहा छ तर, यसको पर्वाह राज्यलाई छैन किनकि राज्य चलाउने कर्मचारी र नेतालाई यस्तै अपारदर्शी व्यवसायबाट प्रत्यक्ष फाइदा छ । वस्तु र सेवा उत्पादन गर्ने जेजस्ता उद्यमशीलता छन् तिनमा पनि पारदर्शिता र व्यावसायिकताको चरम अभाव छ ।

यसको एउटा उदाहरणका लागि काठमाडौंको ट्याक्सी सेवालाई हेरौं । यो सम्भवतः दक्षिणएसियामा सबैभन्दा महँगो भइकन पनि यहाँ चल्ने ट्याक्सी सबैभन्दा कम सुविधायुक्त र बढी थोत्रा छन् । एपमा आधारित ट्याक्सी सेवा दिने चालकले समेत खुल्लमखुला ग्राहकसँग तोकिएको भन्दा बढी पैसा लिन मोलमोलाइ गर्छन्, गत कात्तिक महिनामा पठाओ प्रयोग गर्दाको यो मेरो आफ्नै अनुभव हो । ट्याक्सी सेवा एउटा उदाहरण मात्र हो । खुद्रा सामान बेच्ने सुपरमार्केट, रेस्टुरेन्ट, रियलस्टेट, सबै क्षेत्रमा व्यावसायिक संस्कृतिको चरम अभाव छ । यस्तो अपारदर्शी र अव्यावसायिक अभ्यासले न यथेष्ट रोजगारी सिर्जना गर्न सक्छ न त श्रमिकलाई सुरक्षा दिन । साना तथा मध्यमस्तरका सेवामूलक र उत्पादनशील व्यापार व्यवसायहरू अर्थतन्त्रका मेरुदण्ड र रोजगारीका स्रोत हुन् । यस्ता व्यापार व्यवसायको प्रवर्धन गर्न र तिनीहरूलाई व्यवस्थित बनाउन नीतिगत सुधारको आवश्यकता पर्छ जुन नेपालको अर्थ-राजनीतिको केन्द्रमा बस्नेहरूको प्राथमिकतासँग मेल खाँदैन । नेपालको राज्यव्यवस्थामा ठूला व्यापारी नै प्राथमिकतामा छन् जसको मुख्य धन्धा भनेको अरू देशमा बनेका सामान नेपालमा ल्याएर बेच्ने र कर ठगीका आधारमा अकुत सम्पत्ति जम्मा गर्ने हो । रोजगारीको सिर्जना हुन नदिने अर्को महत्त्वपूर्ण फ्याक्टर श्रमशक्तिको व्यवस्थापन र श्रमिकको सुरक्षामा राज्यको बेवास्ता हो ।

विद्यमान श्रमशक्तिको पहिचान, आवश्यक दक्षताको प्राथमिकीकरण, विभिन्न क्षेत्रमा श्रमिक परिचालनको अवस्था र रोजगारी प्रवर्धनका लागि आवश्यक नीतिगत र व्यावहारिक सक्रियता राज्यले देखाउनुपर्ने हो । उदाहरणका लागि हाल नेपालमा सञ्चालित पूर्वाधारका योजनामा देशमा विद्यमान श्रमशक्ति परिचालनको अवस्था के छ ? भन्ने तथ्याङ्कसम्म पनि सरकारसँग छैन । विकास निर्माण वा वस्तु तथा सेवा उत्पादनका क्षेत्रमा अन्य देशका श्रमिकले रोजगारी पाइरहँदा राज्य भने आफ्ना नागरिकलाई वैदेशिक रोजगारीमा पठाउन सहजीकरण गरिरहेको छ । श्रम र श्रमिकको भूमिकालाई हेर्ने-बुझ्ने कुरामा पनि प्रशस्त समस्या छ । नेपालका ठूला व्यापारी र उद्योगीले श्रमिकको शोषण र अपमानलाई स्थापित र सर्वस्वीकार्य बनाएका छन् । श्रमिकलाई समस्याका रूपमा बुझ्ने मानसिकता हावी छ । नेपालमा उद्योगधन्दाको विकास र देशको आर्थिक प्रगति हुन नसकेको श्रमिकले गर्ने अवरोधका कारणले हो भन्ने भाष्य स्थापित गरिएको छ जसलाई नीतिनिर्माता, अर्थशास्त्री र जान्नेसुन्नेले अनक्रिटिकली स्वीकार गरिदिएका छन् । श्रमको सम्मान नगर्ने, श्रमिकलाई आधारभूत सुरक्षा नदिने तर अर्थतन्त्र बलियो भएन भनेर गुनासो गरिरहने नेपालको सम्भ्रान्त वर्गको कहिल्यै नसुेको प्रवृत्ति हो । यही प्रवृत्ति हावी हुनाले श्रमिकले भोगिरहेको असुरक्षा अन्त्य गर्ने र उनीहरूको भूमिका सबल बनाउने नीतिगत प्रयास भएको छैन । सामाजिक सुरक्षा कार्यक्रम नाम मात्रको छ । यसले दलका नेतालाई भाषण गर्ने बहाना त दिएको छ तर श्रमिकलाई आवश्यक स्वास्थ्य सेवा, रोजगारीको निरन्तरता र आर्थिक सुरक्षा दिन सकेको छैन । कम्युनिस्टहरूको हालीमुहाली भएको देशमा श्रम र श्रमिकहरू अर्थव्यवस्थामा सबैभन्दा कम महत्त्वपूर्ण मानिएका मात्र छैनन्, आर्थिक विकासको अवरोधका रूपमा पनि चित्रित भएका छन् । श्रमिक भएर बाँच्नै गाह्रो हुने देशबाट मानिसहरू श्रम बेच्न विदेशिन बाध्य हुने नै भए । मलाई लाग्छ नेपालबाट मानिसहरू सकेसम्म विदेश जान र उतै बस्न खोज्ने प्रवृत्तिको एउटा कारण रोजगारीको अवसर हो, तर यो मात्र सम्पूर्ण कारण होइन । मानिसहरू र विशेषगरी युवा वर्ग किन विदेश जान खोजिरहेको छ भनेर बुझ्न गम्भीर अध्ययन-अनुसन्धानको आवश्यकता छ । व्यवस्थित अध्ययन-अनुसन्धान विना गरिने तर्क अनुमान मात्र हुन् । मेरो अनुमान के हो भने सूचना-प्रविधि र त्यसमा पनि सोसल मिडियाबाट बाहिरी विश्वसँग जोडिएको युवा वर्गले नेपालको गौरव गर्न लायक विशिष्टता देख्न छोडेको छ । अहिलेसम्म जे-जस्ता मानकले नेपाल र यो देशको नागरिक हुनुको अर्थ जोगाएर राखेका थिए ती मानकले सान्दर्भिकता गुमाउन थाले । देश र सार्वभौमिकतामा विश्वास गर्नेहरूका लागि यो ठूलो चिन्ताको विषय हो । व्यक्तिगत रूपमा म राष्ट्र, राष्ट्रियता, सीमाना, झन्डा आदित्यादिमा विश्वास गर्दिनँ । तर, 'नेपाल देश राम्रो हो र नेपाली हुनु गर्वको कुरा हो' भन्ने बुझाइमा जो मानिसहरू रमाइरहेका थिए उनीहरूमा आज देशप्रतिको वितृष्णा किन बढेको छ ? यो प्रश्नमा राष्ट्र बनाउने र चलाउने जिम्मेवारीमा रमाउनेहरूले गम्भीर भएर सोचेको राम्रो ।

आज जसरी मानिसहरू देशमा बस्न अनिच्छुक भएर विदेश हिंडिरहेका छन् त्यसमा व्यक्ति वा उसको बुझाइ वा प्राथमिकतालाई दोष दिनु गलत हो । समस्याको जड राज्य र यसको तौरतरिका हो र समाधान खोज्ने जिम्मेवारी पनि उसकै । हुन सक्छ यसका कतिपय कारण नेपालका विशिष्ट नभएर विश्वव्यापी प्रवृत्ति हुन् तर मलाई लाग्छ नेपाली राज्यको साँघुरो, असमावेशी, अव्यावसायिक र अक्षम ढाँचा, तौरतरिका र मानसिकता आजको प्रतिस्पर्धात्मक विश्व परिवेशमा 'फिट' छैनन् । नेपाली राज्य सबै नागरिकलाई समान अवसर, सम्मान र सुरक्षा दिन असफल भएको छ । यसै कारण आज नेपाल राज्य अधोगतिमा छ । यसको समाधान टालटुले गफ होइन आमूल सुधार मात्र हो ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धार्मिक र सांस्कृतिक क्षेत्रमा भ्रमण हुनेछ । भाग्यमा वृद्धि हुनेछ । | **तुला** : मनमा हर्ष र उत्साह छाउनेछ । वैदेशिक क्षेत्रबाट राम्रो हुनेछ । |
| **वृष** : धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । | **वृश्चिक** : आज भाग्यमा वृद्धि हुनेछ । नयाँ र शुभ समाचार सुन्न पाइनेछ । |
| **मिथुन** : आज लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् । | **धनु** : कुनै कुराले मनमा शान्ति छाउनेछ । कार्यबाट सफलता मिल्नेछ । |
| **कर्कट** : नयाँ ज्ञान सिक्ने मौका मिल्नुका साथै नयाँ कार्यको योजना बन्नेछ । | **मकर** : संचार माध्यमबाट शुभ समाचार प्राप्त हुनेछ । छोटो यात्रा पनि हुनेछ । |
| **सिंह** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्, तर बुद्धिमा ह्रास आउन सक्छ । | **कुम्भ** : दैनिक कार्यहरूमा प्रगति हुनेछ । शैक्षिक क्षेत्र पनि राम्रै रहला । |
| **कन्या** : आज मन मनमा अशान्ति र गलत आचरणतर्फ मनजान सक्छ । | **मीन** : गरेको काममा ढिलासुस्ती हुनेछ । खर्चको मात्रामा पनि वृद्धि हुनसक्छ । |




# यी हुन् यो वर्ष सर्वाधिक डिलिट भएका सोसल मिडिया एपहरू




वर्ष सन् २०२३ सकिँदैछ । यो वर्ष प्रविधि जगतका लागि पनि उतारचढावको वर्ष रह्यो । यही कडीमा यो वर्षका सबैभन्दा धेरै डिलिट भएका सोसल मिडिया एपको सूची सार्वजनिक भएको छ । सोसल मिडिया प्रयोगकर्ताको संख्यामा लगातार वृद्धि भैरहेको छ । पछिल्लो रिपोर्ट अनुसार विश्वमा विभिन्न सोसल मिडिया प्रयोगकर्ताको संख्या चार अर्ब ८० करोड भन्दा धेरै छ । रिपोर्ट अनुसार अधिकांस सोसल मिडिया प्रयोगकर्ताले हरेक दिन औसतमा २ घण्टा २४ मिनेट सोसल मिडियामा बिताउँछन् ।

विश्वमा धेरैभन्दा धेरै मानिसहरुमा सोसल मिडियाको लत बसेको मात्र छैन कैयन् मानिसहरु सोसल मिडियाबाट टाढा पनि भैरहेका छन् । अमेरिकी प्रविधि कम्पनी टिआरजी डाटासेन्टरले एक रिपोर्ट सार्वजनिक गरेको छ । जसमा यो वर्षका सबैभन्दा धेरै डिलिट हुने एपहरुको बारेमा जानकारी दिइएको छ । रिपोर्ट अनुसार सार्वजनिक भएको २४ घण्टाभित्रै १० करोड प्रयोगकर्ता हासिल गर्न सफल भएको मेटा कम्पनीको थ्रेड एपले त्यसपछिका ५ महिनामा हालसम्म ८० प्रतिशत प्रयोगकर्ता गुमाएको थियो । रिपोर्ट अनुसार यो वर्ष विश्वका करिब १० लाख मानिसहरुले इन्टरनेटमा इन्स्टाग्राम अकाउन्ट कसरी डिलिट गर्ने ? भन्ने तरिका खोजेका थिए । करिब १० लाख २० हजार प्रयोगकर्ताले इन्स्टाग्राम एप डिलिट गरेसँगै इन्स्टाग्राम यो वर्ष सर्वाधिक डिलिट हुने सोसल मिडिया एप बनेको छ ।

त्यस्तै सबैभन्दा धेरै डिलिट हुने एपको दोस्रो नम्बरमा स्नापच्याट रहेको छ जुन एक लाख २८ हजार ५०० जनाले डिलिट गरेका छन् । त्यस्तै धेरै डिलिट हुने एपको तेस्रो नम्बरमा एक्स, चौथोमा टेलिग्राम र पाँचौमा फेसबुक छ भने छैटौंमा टिकटक, सातौंमा युट्युब, आठौंमा ह्वाट्सएप र नवौंमा विच्याट रहेका छन् । यो वर्ष ४९ हजार जनाले फेसबुक एप डिलिट गरेका छन् । ह्वाट्सएप डिलिट गर्नेको संख्या भने चार हजार ९५० मात्रै छ ।

**कुन सोसल मिडिया एप कतिजनाले डिलिट गरे ?**

इन्स्टाग्राम : १० लाख २० हजार
स्नापच्याट : १ लाख २८ हजार ५ सय
टेलिग्राम : ७१ हजार ७ सय
फेसबुक : ४९ हजार
टिकटक : २४ हजार ९ सय
युट्युब : १२ हजार ५ सय
ट्वीटर : १२ हजार ३ सय
ह्वाट्सएप : ४ हजार ९५०
विच्याट : २ हजार ९०

*-अनलाइन खबर डटकम*

# विश्वको पहिलो वेयरेबल कम्प्युटर अर्थात् ह्युमनको एआई पिन




सन फ्रान्सिस्कोस्थित एउटा कम्पनी ह्युमनले नोभेम्बरमा लञ्च गरेको एआई पिन नामक वेयरेबल कम्प्युटरको प्रि-बुकिङ सुरु गरेको छ । कम्पनीले बताएअनुसार जसले छिटो बुक गर्छ उनीहरुले नै कम्प्युटर पाउनेछन् । कम्प्युटरको डेलिभरी चाँहि २०२४ को मार्चमा हुने बताइएको छ । एप्पलका दुई पूर्व कर्मचारीले खोलेका हुन् ह्युमन । यो कम्पनीलाई च्याटजीपीटी बनाउने कम्पनी ओपन एआईका प्रमुख कार्यकारी अधिकारी ( सीईओ) स्याम अल्टम्यानले समर्थन गरेका छन् । एआई पिन सानो अनि हलुका उपकरण हो । यसलाई कपडामा टाँस्न सकिन्छ । यो डिभाइसले सेन्सर्स, पोजेक्टर्स र एआई प्रविधिको मद्दतले युजरलाई फिचर र फङ्शन दिन्छ ।

**के हो एआई पिन ?**

एआई पिन स्क्रीनलेस वेयरेबल डिभाइस हो । यसलाई प्रविधिसँग इन्टर्याक्ट गर्न बढी प्राकृतिक र सहज तरिकाको रुपमा बनाइएको छ । यो सानो अनि हलुका उपकरण हो । यसलाई कपडामा जहाँ पनि अड्काउन सकिन्छ । यसमा क्वालकम स्न्यापड्रयागन प्रोसेसर जडान गरिएको छ । यो उपकरणमा क्यामरा, माइक्रोफोन र एक्सेलेरोमिटर समेत कयौं प्रकारका सेन्सर जडान गरिएको छ । यसमा एउटा इन-बिल्ट प्रोजेक्टर पनि छ । यसलाई कुनै सतह वा हातमै पनि जानकारी डिस्प्ले गर्न प्रयोग गर्न सकिन्छ ।

एआई पिनले सेन्सर र एआई प्रविधि दुवैको साहारामा लार्ज ल्याङ्वेज मोडलमा प्रयोगकर्ताको सन्दर्भ बुझेर काम गर्छ । सोही अनुसार प्रयोगकर्तालाई सम्बन्धित जानकारी उपलब्ध गराउँछ । उदाहरणका लागि तपाई सडकमा हिडिरहनु भएको छ भने एआई पिनले आफ्नो क्यामराबाट आसपासको चिजबिज र भवनहरु चिन्छ अनि तपाईलाई कहाँ हुनुहुन्छ भन्ने जानकारी दिन्छ । कम्पनीले सन् २०२४ मा एआई पिनमा नेभिगेशनल क्षमता थप्ने भएको छ । एआई पिनलाई अन्य उपकरणहरु कन्ट्रोल गर्न पनि प्रयोग गर्न सकिन्छ । यसलाई तपाईले फोन गर्न, म्यासेज पठाउन प्रयोग गर्न सक्नु हुन्छ । यसमा गीत सुन्न सकिन्छ र स्मार्ट होम डिभाइसलाई कन्ट्रोल गर्न पनि सकिन्छ । यसको मद्दतले एआईबाट चल्ने कयौं अनुवाद सेवा, भर्चुअल असिस्टेन्ट र पर्सनल ट्रेनरलाई पनि एक्सेस गर्न सकिन्छ । यसलाई गोपनीयतामा विचार गरेर बनाइएको छ । यसमा बिल्ट-इन प्राइभेसी इन्डिकेटर पनि छ । क्यामरा, माइक्रोफोन र इनपुट सेन्सर्स एक्टिभ भएपछि यो इन्डिकेटरले प्रयोगकर्तालाई अर्लट गरिदिन्छ ।

एआई पिन एक्लिप्स, लुनार र इक्विनक्स गरी तीन भ्यारिएन्टमा उपलब्ध छ । यी भ्यारिएन्टको मूल्य क्रमश: ६९९ डलर, ७९९ डलर रहेको छ । कम्पनीले अहिले भने अमेरिकामा मात्रै यसको अर्डर लिइरहेको छ । अन्यत्र यसको अर्डर कहिले लिन सुरु गर्छ भनेर स्पष्ट रूपमा भनिएको छैन ।

*-रातोपाटी डटकम*

# प्रविधिको प्रयोग र आजको समय

**डा.नारायण प्रसाद निरौला**

> *आजको समयले ज्ञानको गहिराइलाई नयाँ ढङ्गले प्रस्तुत गरेको छ । वर्षौं मेहनत लगाएर खोज्नुपर्ने कुरा आज क्षणभरमा नै प्राप्त हुन थालेका छन् । हिजोका चक डस्टर अब स्मार्ट बोर्डमा परिवर्तन हुन थालेका छन् । अब पनि चक डस्टरमा नै अध्ययन अध्यापन गर्नु परिवर्तनलाई नस्वीकार्नु हो । आजको उच्चतम प्रविधिसँग साक्षात्कार गरी अघि बढ्न सक्नु नै आजको शिक्षा क्षेत्रको माग हो । प्रविधि खर्चिला त छन् तर प्रविधिमा खर्च हुन्छ भन्ने डराएर अब हाम्रो उन्नति हुन सक्दैन । अबको प्रतिस्पर्धा यिनै प्रविधिका माध्यमले हुन्छ । यसरी प्रविधिसँग साक्षात्कार गर्न नसक्ने शिक्षले भोलि कार्य गर्न सक्दैन फलस्वरूप उन्नतिका बाटा अवरुद्ध हुन पुग्दछन् । फोटो धुलाउने कोडाकका रिल डिजिटल युग पहिले धेरै प्रयोग हुन्थे । फोटो भनेको नै कोडाक जस्तै गरी परिचित थियो । यसमा कोडाकको एकछत्र राज थियो । समय डिजिटलमा परिवर्तित भयो । कोडाकले आफूलाई डिजिटलमा परिवर्तन गर्न सकेन ।*

गतिशील समयसँगै परिवर्तित हुन समयले सन्देश दिइरहेको हुन्छ । समयचक्र निरन्तर परिवर्तित भइरहन्छ । जो हिजो थियो त्यो आज रहँदैन र जे आज छ त्यो भोलि पनि रहँदैन । आज आज नै हो र भोलि भोलि नै हुन्छ । अर्थात् हरेक समय परिवर्तनशील छ । प्रकृतिले पनि निरन्तर परिवर्तनका पाउला फेरिरहेको हुन्छ । यसैले हामी पनि समयसँगै निरन्तर परिवर्तित भइरहेका हुन्छौं । समय अनुसार परिवर्तिन हुनु नै जीवनलाई सही ढङ्गमा अघि बढाउनु हो । समय अनुसार चल्न सक्नेले नै उन्नतिका शिखर चढेका प्रशस्त उदाहरण पाइन्छन् । यसैले शास्त्रमा पनि 'परिवर्तिनी संसारे..' भनेर संसार परिवर्तनशील छ भन्ने कुरा दर्शाइएको छ । समयको गति एकै नाशको हुँदैन । समयले दिएका आरोह अवरोहसँग पौठेजोरी खेल्दै अघि बढ्नु नै पर्छ । यसैले आजको समय प्रविधिको हो । प्राप्त प्रविधिको प्रयोग गरी अघि बढ्नु आजको समयको माग हो । मानव निर्मित मानव कै सहयोगी विशेष विधि नै प्रविधि हो । जसको प्रयोगले वर्षौं लाग्ने काम क्षणभरमा साध्य हुन सक्छन् । यसैले अबको युग भनेको छोटो समयमा धेरै प्रतिफल प्राप्त गर्ने नै हो । यसरी छोटो समयमा अधिक प्रतिफल प्राप्तिका निम्ति प्रविधिको उपयोग आत्यावश्यक रहन्छ ।

जीवन र जगत्का हरेक क्षेत्रमा नवीनतम् प्रविधि भित्रिसकेका छन् । मानव अत्याधुनिक प्रविधिको खोज अनुसन्धानमा निरन्तर लागिपरेको छ । जसको परिणाम स्वरूप जीवन र जगत्का हरेक क्षेत्रमा प्रविधि भित्रिएका छन् र प्रविधिसँगै जीवन वृत्तमा पनि परिवर्तन भइरहेको छ । शिक्षा, स्वास्थ्य, यातायातलगायत हरेक क्षेत्रमा प्रविधि भित्रिसेका छन् । अध्ययन अध्यापन गर्ने शैलीमा पनि प्रविधिले परिवर्तित बनाएको छ । हिजो किताबबाट मात्र प्राप्त हुने ज्ञान आज प्रविधिका हरेक माध्यमबाट प्राप्त हुन थालेका छन् । आजको समयले ज्ञानको गहिराइलाई नयाँ ढङ्गले प्रस्तुत गरेको छ । वर्षौं मेहनत लगाएर खोज्नुपर्ने कुरा आज क्षणभरमा नै प्राप्त हुन थालेका छन् । हिजोका चक डस्टर अब स्मार्ट बोर्डमा परिवर्तन हुन थालेका छन् । अब पनि चक डस्टरमा नै अध्ययन अध्यापन गर्नु परिवर्तनलाई नस्वीकार्नु हो । आजको उच्चतम प्रविधिसँग साक्षात्कार गरी अघि बढ्न सक्नु नै आजको शिक्षा क्षेत्रको माग हो । प्रविधि खर्चिला त छन् तर प्रविधिमा खर्च हुन्छ भन्ने डराएर अब हाम्रो उन्नति हुन सक्दैन । अबको प्रतिस्पर्धा यिनै प्रविधिका माध्यमले हुन्छ । यसरी प्रविधिसँग साक्षात्कार गर्न नसक्ने शिक्षले भोलि कार्य गर्न सक्दैन फलस्वरूप उन्नतिका बाटा अवरुद्ध हुन पुग्दछन् । फोटो धुलाउने कोडाकका रिल डिजिटल युग पहिले धेरै प्रयोग हुन्थे । फोटो भनेको नै कोडाक जस्तै गरी परिचित थियो । यसमा कोडाकको एकछत्र राज थियो । समय डिजिटलमा परिवर्तित भयो । कोडाकले आफूलाई डिजिटलमा परिवर्तन गर्न सकेन । अहिले न कुनै त्यस्ता प्रविधिका क्यामरा छन्, न त रिल न त्यस्ता प्रविधिको प्रयोग । यसरी उन्नत डिजिटल प्रविधिलाई पछ्याउन नसक्ने कोडाक कम्पनी अन्तत विलय भएर गयो । उक्त स्थान अन्य डिजिटल यन्त्र उपकरणले लिए । कोडाक पनि समयअनुसार नै परिवर्तित भएको भए उसको पनि आज सबल अस्तित्व रहन्थ्यो । यो केवल समयलाई पछ्याउन नसक्दाको उदाहरण हो । समयसँगै अघि बढ्न नसक्दा समयले नै हामीलाई पछि पार्ने निश्चित छ । यसैले उन्नतिका निम्ति प्रविधिको प्रयोग आज आवश्य बन्न पुगेको छ । आजको समय भनेको हातमा संसार बोकेर हिँड्ने युग हो । अझ भनौं आज कृत्रिम बुद्धि (एआई)ले प्रवेश गरिसकेको छ । हरेक कुरा अब यसको सहायतमा सम्पादन हुनेछन् । यसैमा हामी पनि अभ्यस्त रहनुको विकल्प छैन । एआई कम्प्युटरको उन्नत प्रविधि हो । जसले अझ तीव्र गतिमा कार्य सम्पादन गर्छ र हरेक क्षेत्रका कार्य सम्पादन गर्न सक्ने क्षमता पनि राख्दछ । हरेक समस्याको समाधानका लागि कम्प्युटरमा पनि धेरै समय खर्चिनुपर्ने कार्यलाई एआईले छोटो समयमा नै पूरा गरिदिन्छ । यसैले हरेक क्षेत्र व्यवसायमा यस्ता प्रविधिको प्रयोग आजको समयको माग बनेका छन् ।

प्रविधिले शीघ्र सहयोगीका रूपमा कार्यसम्पादन गर्ने गर्दछ । अझ भनौं यो कम्प्युटरको युग हो पनि भन्न सकिन्छ । हरेक विषयवस्तु गणनाका माध्यमबाट नै हामीमाझ आइपुगेका हुन्छन् । हरेक इलेक्ट्रोनिक वस्तुमा कम्प्युटरका गणना प्रविष्ट रहेका हुन्छन् । त्यही गणनाले कुन कार्य कसरी गर्ने भन्ने बारेमा निर्धारित हुन्छन् र हामी समक्ष कार्य सहयोगीका रूपमा प्राप्त भएका हुन्छन् । यस्ता प्रविधिले हाम्रा जीवनका हरेक पक्षमा साथ र सहयोग गरिरहेका छन् । स्वास्थ्यका क्षेत्रमा पनि रोबोटले सटिक कार्य गर्न थालिसकेका छन् । यतायातमा उन्नत प्रविधि हाइपर लुप परीक्षण भइरहेको छ । बुलेटट्रेन, चालकरहित गाडीले सेवा दिन थालिसकेका छन् । अबको समयमा खुट्टाले हिँडेर नै लामो बाटो तय गर्छु भन्न त सकिन्छ तर यन्त्रको प्रयोग नगरी अब देश विदेशको परिभ्रमण एवं कार्यसम्पादन असम्भव छ । हिँडेर एक दिन लाग्ने बाटो अब गाडीले एक घण्टामा तय गर्छ । वायुमार्गबाट झनै चाँडो पुग्न सकिन्छ । प्रविधिको प्रयोगले भौतिक दूरीलाई छोटो बनाइरहेको छ । यसैले यातायातका पनि उन्नत प्रविधिको प्रयोग आजका समयको माग भएका छन् । हाम्रा हरेक विषयक्षेत्रसँग सहयोग गर्ने प्रविधि भित्रिएका छन् । त्यसमा पनि अत्याधुनिक प्रविधिले प्रवेश पाइसकेको छ । लुगा धुने, भाँडा माझ्ने मेसिन त सार्वत्रिक रूपमा नै प्रयोग हुनथालिसकेका छन् । हातले बुनेका कपडाले अबको जनसंख्यालाई धान्न सक्ने लुगा तयार गर्न सक्दैनन् । यसैले लुगा कपडाका क्षेत्रमा पनि प्रविधिको प्रयोग आत्यावश्यक छ र यसको प्रयोग पनि भइरहेको छ । खाद्य उत्पादनमा पनि पनि प्रविधिको प्रयोग भइरहेको छ । कला साहित्यका क्षेत्रमा पनि प्रविधिले अधिकतम सहज तुल्याएको छ । साहित्य सिर्जना गर्ने सहयोगीका रूपमा कम्प्युटरको कृत्रिम बुद्धिको उपयोग हुनथालेको छ । मूलत: प्रविधि बनाउने प्रविधिमा पनि आमूल परिवर्तन भइसकेको छ । अब कुनै सफ्टवेयर तयार गर्नुपर्दा के कस्तो कार्यका निम्ति कुन उद्देश्यका निम्ति आदि कुराको निर्णय गरी निर्देशन दिएपछि क्षणभरमा नै सक्षम सफ्टवेयर तयार गर्न सक्ने प्रविधिको विकास भइसकेको छ । हरेक विषय क्षेत्रका विज्ञ मोबाइलमा प्राप्त हुन्छन्, मोबाइलबाट नै समस्याको समाधान गर्न सकिन्छ । घरमा बसेर बिजुलीका बिल, खानेपानीका बिल, टेलिफोनका बिल तिर्न सकिन्छ । सेयर किनबेच गर्न सकिन्छ । बैंकमा खाता खोल्न पैसा राख्न र झिक्न सकिन्छ । हिजो यस्तो सुविधा थिएन । भोलि यसभन्दा पनि उन्नत सुविधा प्राप्त हुने निश्चित छ । यसैले हिजोको जस्तै गरी चल्न खोज्नु यथास्थितिमा नै रहनु हो । आजको समयले दिएका उच्चतम प्रविधिको प्रयोग गर्दै अघि बढ्नु आजको आवश्यकता हो ।

प्रविधिको प्रयोगका नकारात्मक पक्ष पनि नभएका होइनन् । सकारात्मक र नकारात्मक हरेकका दुवै पाटा हुन्छन् । हाँसले पानी छुट्याएर दुधमात्र खाएजस्तै नकारात्मक पक्षलाई पन्छाएर हरेकका सकारात्मक पक्षको प्रयोग गरी अघि बढ्न सक्नुपर्दछ । विश्वमा जति विकसित देश छन् ती सबैले आजको युग अनुसार चल्न सक्ने सामर्थ्य राख्दछन् । तदनुसारको शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा अनुसन्धान र प्रयोग गर्दछन् । प्राप्त ज्ञानलाई नै बेचेर धनी भएका छन् । ती प्रविधिको प्रयोग गर्दै त्यसभन्दा उन्नत प्रविधि तयार गर्न सक्ने देश नै अब उन्नतिको शिखरमा पुग्न सक्ने निश्चित छ । यसैले हामी पनि अधिकतम प्रविधिको प्रयोग गरी आजको युग अनुसार चल्न सक्नुपर्दछ । अझ त्यसभन्दा उन्नत प्रविधिको विकासतर्फ लाग्न सक्नुपर्दछ । अन्यथा हाम्रो उन्नति असम्भव रहन्छ ।

*-इहिमालय टाइम्स डटकम*

# लुम्बिनी प्रदेशसभा : विषयगत समितिको निर्वाचन नहुने




**पाल्पा,** पुस १६/आज हुने भनिएको लुम्बिनी प्रदेशसभाका विषयगत समितिका सभापतिको निर्वाचन नहुने भएको छ । निर्वाचनका लागि आवश्यक तयारी पुरा नभएकाले पुस १७ का लागि तोकिएको निर्वाचन नहुने निश्चित भएको हो ।

आइतबार प्रदेशसभा सचिवालयले समेत एक सूचना जारी गर्दै निर्धारित मितिमा निर्वाचन गराउन नसक्ने समेत जनाएको छ । सभामुख तुलारामको घर्तीको निर्देशनअनुसार अर्को सूचना जारी नभएसम्मका लागि विशेष कारण देखाउँदै निर्वाचन स्थगित गरिएको प्रदेशसभा सचिवालयका सचिव दुर्लभकुमार पुनद्वारा जारी सूचनामा भनिएको छ । 'मिति २०८० साल पौष महिनाको १७ गते मंगलबारका दिन हुने गरी पूर्व सूचना अनुसार निर्धारित विषयगत समितिको सभापतिको निर्वाचन माननीय सभामुख ज्यूको निर्देशानुसार अर्को सूचना प्रकाशित नभएसम्मको लागि विशेष कारणबस स्थगित भएको व्यहोरा माननीय सदस्य ज्यूहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ,' सूचनामा उल्लेख छ । प्रदेशमा दुई वटा सरकार गठन भइसके पनि प्रदेश सभाको संसदीय समिति सभापति चयन हुन नसक्दा सर्वत्र आलोचना भएपछि मिति तोकिएको थियो । तोकिएको मितिमा समेत निर्वाचन नहुने भएको छ । सभामुख घर्तीको अध्यक्षतामा अघिल्लो साता बसेको कार्यव्यवस्था परामर्श समितिको आठौं बैठकले यही पुस १६ गते विषयगत समितिको सभापतिको उम्मेदवारी दर्ता र १७ गते निर्वाचनको मिति तय गरेको थियो । समितिको नेतृत्वका लागि मिति समेत तोकेर अन्तिम समयमा स्थगित गरिएकामा सांसदहरुले असन्तुष्टि जनाएका छन् । प्रदेशसभा निर्वाचन भएको एक वर्षभन्दा बढी भइसके पनि लुम्बिनी प्रदेशका संसदीय समिति अझै नेतृत्वविहीन छन् । प्रदेशसभाले गत असार ३० गते ६ विषयगत समितिका सदस्य चयन गरेको थियो । तर समितिका सभापति चयन नहुँदा समिति कामविहीन बनेका छन् । प्रदेशसभा सचिवालयका अनुसार अहिलेसम्म प्रदेशसभा सामाजिक विकास समितिको बैठकले स्वास्थ्यसम्बन्धी विधेयक छलफल गरेर संसद् पठाएको र प्रदेश मामिला तथा कानुन समिति र अर्थ, उद्योग तथा पर्यटन समितिले ज्येष्ठ सदस्यको सभापतित्वमा बैठक बसेका थिए । प्रदेशसभा नियमावली २०७९ मा सभापति चयन नहुँदासम्म ज्येष्ठ सदस्यले बैठकको सभापतित्व गर्ने व्यवस्था गरेको छ ।

## खेलकुद समाचार

# सुदूरपश्चिमलाई हराउँदै कोशी फाइनलमा



**काठमाडौं,** पुस १६/प्रधानमन्त्री कप महिला टी-२० प्रतियोगिताको दोस्रो एलिमिनेटरमा सुदूरपश्चिम प्रदेशलाई ९ विकेटले पराजित गर्दै कोशी फाइनल प्रवेश गरेको छ । कोशीले अब उपाधिका लागि बुधबार एपीएफसँग प्रतिस्पर्धा गर्नेछ ।

त्रिवि क्रिकेट मैदानमा सुदूरपश्चिमले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ८८ रन बनाएको थियो । ८९ रनको लक्ष्य पछ्याएको कोशीले १३ ओभरमा १ विकेट गुमाउँदै लक्ष्य भेटायो । कोशीका लागि काजल श्रेष्ठ ३८ रनमा अविजित रहिन् । ३५ बल खेलेकी उनले ७ चौका प्रहार गरिन् । त्यस्तै कप्तान रुबिना क्षेत्रीले ३७ र अप्सरी बेगम १२ रनमा अविजित रहिन् । सुदूरपश्चिमका लागि एक मात्र विकेट लक्ष्मी साउदले लिइन् । टस हारेर ब्याटिङ गरेको सुदूरपश्चिमका लागि सम्झना खड्काले सर्वाधिक २५ रन बनाएकी थिइन् ।

त्यस्तै कविता जोशीले १५ र बिन्दु रावलले १७ रन बनाइन् । कोशीका लागि स्पिनर संगीता राईले सर्वाधिक २ विकेट लिइन् । सवनम राई, निशा शाह र अलिशा खडियाले १/१ विकेट लिए । आइतबार भएको पहिलो क्वालिफायर्समा कोशीलाई ५२ रनले पराजित गर्दै एपीएफ फाइनल पुगेको थियो । गत वर्ष कोशीलाई पराजित गर्दै उपाधि जितेको सुदूरपश्चिम यस पटक दोस्रो एलिमिनेटरबाटै बाहिरिएको हो ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा गिरावट



**पाल्पा,** पुस १६/अंग्रेजी वर्षको पहिलो दिन सेयर बजारमा गिरावट आएको छ । आइतबार सार्वजनिक बिदा रहेर सोमबार खुलेको बजारमा नेप्से परिसूचक ८ दशमलव ७५ अंकले गिरावट आएको हो ।

यसदिन नेप्से ० दशमलव ४२ प्रतिशतले घटेर २ हजार ६० दशमलव १५ अंकमा कायम भयो । यस्तै सेन्सिटिभ इन्डेक्स ० दशमलव ३७ अंकले घटेर ३ सय ८५ दशमलव ०७ अंकमा कायम भएको छ । सो अवधिमा विभिन्न तीन सय ६ कम्पनीको एक करोड १८ लाख ९२ हजार पाँच सय ५९ कित्ता शेयर एक लाख दुई हजार नौ सय पाँच पटक खरिद बिक्री हुँदा चार अर्ब ४८ करोड ३९ लाख ८२ हजार चार सय ६१ बराबरको कारोबार भएको छ । कारोबारपछि बैंकिङ समूहको उपसूचक शून्य दशमलव ०१, विकास बैंक शून्य दशमलव १०, लगानी र उत्पादन तथा प्रशोधन समूह समान एक दशमलव ०७ र व्यापार समूह शून्य दशमलव ४५ अंकले बढेको छ । जलविद्युत समूहको उपसूचकमा सबैभन्दा धेरै एक दशमलव ७२ प्रतिशतको गिरावट देखिएको छ । त्यस्तै वित्त शून्य दशमलव ८०, होटल तथा पर्यटन एक दशमलव ६७, जीवन बीमा एक दशमलव ५८, लघुवित्त शून्य दशमलव १५, म्युचुअल फन्ड शून्य दशमलव ३१, निर्जीवन बीमा शून्य दशमलव ७५ र अन्य समूह शून्य दशमलव ३२ प्रतिशतले घटेको छ ।

सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र चिर्खुवा हाइड्रोपावर लिमिटेडकोको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने मोलुङ हाइड्रोपावर कम्पनीको शेयर मूल्य आठ दशमलव ०९ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू २० करोड १३ लाख ७३ हजार छ सय ६२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने मोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको चार लाख ३७ हजार २७ कित्ता शेयर किनबेच भएको छ ।

**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## तानसेन नगरकार्यपालिकाको कार्यालयको कर तथा शुल्क संकलन सम्बन्धी सिलवन्दी बोलपत्र आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८०/०९/१७*

तानसेन नगरपालिकाको आन्तरिक आय तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. ६ मा पर्ने टुडिखेल मैदानमा २०८० फागुन महिनामा आयोजना गरिने ११ दिने **"कृषि, रोजगार, पर्यटन र व्यापार तानसेन महोत्सव २०८०"** को संचालन तथा व्यवस्थापन र तोकिएको दररेटमा कर तथा शुल्क संकलनको लागि ३० दिनको म्याद राखी यो वोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रितपूर्वक बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

१. बोलपत्र चाहने फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी बोलपत्रफारम खरिद गर्न सकिने छ ।
२. **बोलपत्र फारम खरिद गर्ने मिति :** सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र ।
३. **सिलवन्दी बोलपत्र दाखिल गर्ने मिति :** आ.व.२०८०/०८१ सम्मका लागि नवीकरण भएको संस्था/फर्म/कम्पनीको ईजाजतपत्र, स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको बोलपत्र साथ संलग्न गरी सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपूर्वक पेश गर्नुपर्नेछ ।
४. **वोलपत्र खोल्ने समय :** सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको २ बजे बोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । वोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. प्राप्त सिलवन्दी बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
६. बोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाँकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको जमानी पत्र (परफरमेन्स वण्ड) मिति २०८० साल असार मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।
७. बोलपत्र स्वीकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा बोलपत्रदाताको हुनेछ ।
८. तोकिएको दर तानसेन नगरपालिकाको आर्थिक ऐन, २०८० एवं कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।
९. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।
१०. ठेक्का अवधि कार्यादेश पाएको मिति देखि महोत्सव सञ्चालनको अवधि सम्मको लागि मात्र हुनेछ ।
११. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का सम्झौता गर्नु अगावै पेश गर्नुपर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।
१२. बोलपत्र दाखिला गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता न. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।
१३. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**बोलपत्र विवरण**


| ठेक्का नं. | कामको विवरण | न्यूनतम ठेक अंक रु. | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/ 06/080/081 | "कृषि, रोजगार, पर्यटन र व्यपार तानसेन महोत्सव २०८०" को संचालन तथा व्यवस्थापन र तोकिएको दररेटमा कर तथा शुल्क संकलन | रु. ४५,००,०००। | रु. ३०००।०० | वोलपत्र |

*तानसेन नगरपालिका कार्यालय*


**वर्गिकृत डिस्प्ले**
*१X५ साइजमा मात्र*
**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई